AUSCO

# अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

## अष्ट्रेलियाकोमा यात्रा


### डकुमेण्ट र परिचय

तपाईंले यात्रा गर्दा हवाइजहाज चढ्दा चाहिने र परिचय खुल्ने कागजातहरू आफ्नो साथमा बोक्ने हाते झोला मा राख्नुहोस् । ती कागजातहरूले तपाईंलाइ अष्ट्रेलियामा नयाँ जीवन आरम्भ गर्न मद्दत गर्नेछ । यसो हुँदा तपाईंले त्यसलाई सुरक्षित रूपमा आफ्नो साथमा सधैँ राखिराख्नु पर्छ ।

यदि तपाईंलाई ImmiCard वा अष्ट्रेलिया यात्रा गर्न चाहिने कागजपत्र (Document for Travel to Australia - DFTTA) जारी गरिएको छ भने यसले तपाईंको भिसा जाँच गर्नेछ र त्यसलाई अष्ट्रेलियाको यात्रा कागजातको रूपमा प्रयोग गर्न सकिन्छ ।

तपाईंले immiCard पाउनसाथ त्यसमा रहेको सही गर्ने ठाउँ वा सिग्नेचर प्यानेलमा सही गरिहाल्नुपर्छ । १० वर्षभन्दा कम उमेरका केटाकेटीहरूले सही गर्नु पर्दैन । तपाईंले विमानस्थलमा immiCard वा DFTTA पेश गर्नु जरूरी हुन्छ नत्र भने यात्रा गर्न पाउनुहुन्न ।




### के के कुरा पोको पार्ने

मानिसहरूले हवाईजहाज (विमान) बाट यात्रा गर्दा दुई प्रकारका झोला वा लगेज लिएर गएका हुन्छन्: 'साथमा लिएर जाने व्यागहरू' (हाते झोला पनि भनिन्छ) र 'चेक-इन' व्यागहरु वा सुटकेसहरू ।

तपाईं हाते झोलाको रूपमा एउटा सानो झोला लिएर जानुहुन्छ । तपाईंले के के कुरा विमानमा आफ्नो साथमा लान मिल्छ र के के कुरा लान मिल्दैन भन्ने कुराको ख्याल गर्नुपर्छ ।

तपाईंको चेक इन झोलाहरू विमानको सामान बोक्ने खण्डमा लगेर राखिन्छ । तिनमा तपाईंको नाम र पुग्ने ठाउँको गन्तव्य लेखिएको कागजको स्टिकर टाँसिएको हुन्छ । तपाईंले अष्ट्रेलिया आइपुगेपछि ती सामान बुझ्नुहुन्छ । तपाईले ल्याउनु भएको हरेक ब्यागको रसिद काटिनेछ ।

हरेक विमानसेवाले चेक इन लगेजमा वजनको सीमा प्रतियात्रु २० किलो तोकेका हुन्छन् । यदि तपाईंसित बिमानसेवाले तोकेको भन्दा बढी वजन भएमा तपाईंलाइ थप रकम तिराइनेछ । यदि तपाईंले ठूलो आकारका सामानहरू साथमा लैजान खोज्नु भएमा उदाहरणको लागि कार्पेटहरू - तपाईंको यात्रामा मद्दत गरिरहेको व्यक्तिसित कुरा गर्नुहोस् । ठूला सामानको लागि तपाईंले बेग्लै रकम भुक्तानी गर्नुपर्ने हुन्छ ।

**तपाईंको हाते झोलामा निम्न कुराहरू प्याक गर्नुपर्छ...**

- तपाईंको मुल्यवान डकुमेण्टहरू जसमा ट्राभल डकुमेण्टहरूसमेत पर्छन् ।
- तपाईंका मुल्यवान सामानहरू जसमा तपाईंका गर गहनाहरू पर्छन् ।
- विमानमा प्रयोग हुनसक्ने निजी हेरविचारका सरसामानहरू – तर तरल पदार्थको हकमा १०० मिलिलिटरभन्दा कमको बोत्तल हुनुपर्छ ।

### विकल्प

- सानो व्यक्तिगत सामानहरू जस्तो कि पढ्नका लागि पुस्तक, तपाईँको फोन वा शरिर न्यानो पारिराख्न लगाउने ज्याकेट।

### तपाईँको चेक-इन व्यागमा तपाईँले निम्न कुराहरू  प्याक गर्नुपर्छ ...

- तपाईँ र तपाईँको परिवारको लागि – न्यानो वा ठण्डा मौसममा लगाउने कपडा।
- आरामदायी जुत्ताहरू।
- स्याम्पु, साबुन वा डियोडोरेण्टजस्ता व्यक्तिगत सरसफाइका सामानहरू।
- तपाईँ अष्ट्रेलियामा आइपुगेपछि आवश्यक पर्न सक्ने औषधी।

### विकल्प

- सानो व्यक्तिगत मेमेन्टोस जस्तो कि तस्वीर, पत्र र पुस्तकहरू (तपाईँको AUSCO को प्याकसमेत)।

## के कुरा प्याक नगर्ने वा नलाने

अष्ट्रेलियामा के के कुरा ल्याउन **मिल्दैन** भन्नेबारेमा कडा कानूनहरू छन्।

### तपाईँले साथमा लिएर आउने झोला वा तपाईँको चेक इन झोलामा तलका यी सामानहरू प्याक नगर्नुहोस् ...

- कृषिमा आधारित उत्पादनहरू जस्तो कि विरूवा, फूलहरू, माटो, बिउहरू, नटहरू वा प्रशोधन नगरिएको सूर्ती।
- जिवित जनावर वा जनावरबाट उत्पादन भएका कुनै पनि सामानहरू जसमा छाला, प्वाँख, भुवा, हाड, खोल, कोरल, मौरीमा आधारित उत्पादनहरू वा उपयोग भएका जनावरका उपकरणहरु।
- खानेकुरा जसमा डेरी, अण्डा, ताजा तथा फ्रोजन फलफूल र तरकारीहरू।
- कुनै पनि मासु वा मासुमा आधारित उत्पादन।
- बन्दुक, विष्फोटक पदार्थ वा पटाकाहरु।
- छुरी, भाला वा बन्दुकजस्ता हतियारहरू।
- अवैध लागूऔषधहरू।

**यदि तपाईँले यदि ती कुराहरू देशमा ल्याउनु भएमा र त्यसबारे जानकारी पत्रमा उल्लेख नगर्नु भएमा तपाईँमाथि जरिवाना लगाउने, अभियोग लगाउने, जेलमा बिताउनु पर्ने र आपराधिक रेकर्ड राख्नेसमेतको खतरा हुन्छ।**

## विमानमा यात्रा गर्दा

अष्ट्रेलियाको यात्रा लामो हुन्छ, त्यसो हुँदा तपाईँ एउटा लामो यात्राको लागि तयार रहनुपर्छ। कहिलेकहीँ यात्रा एउटा लामो फ्लाइट हुनेगर्छ भने कहिले कहिँ अष्ट्रेलियामा आउँदा बाटोमा रोकिन्छ। यस्तो ठाउँमा तपाईँले विमानबाट बाहिर निस्कनु पर्ने हुन्छ।

### यात्राअघि

हरेक मानिसका लागि यात्रा थकाइलादो हुन्छ र विशेषगरि साना केटाकेटीहरूलाई कठिन हुनसक्छ। तपाईँले यात्रा शुरू गर्नुअघि केटाकेटीहरूलाई केही खानेकुरा दिनुहोस् र आवश्यक परेमा ट्वाइलेट पनि गराउनुहोस्। लामो यात्रामा तपाईँले पनि विमानमा खाना खानु पर्छ र ट्वाइलेट प्रयोग गर्नुपर्ने हुन्छ। साना शिशुहरू र साना केटाकेटीहरूका लागि न्यापीज् तथा थप कपडाहरू साथमा राख्नुहोस्।

### विमानमा

यदि सिटबेल्टको संकेत देखिएको छैन भने तपाईँ विमानभित्र हिँड्न पाउनु हुन्छ। यदि उक्त संकेत देखा परेको छ भने तपाईँ आफ्नो सिटमा सिटबेल्ट बाँधेर बस्नुपर्छ।

तपाईँलाई खाना र पेयपदार्थ साथै जुस र पानी  दिइन्छ र  यि  कुराहरू निःशुल्क हुन्छन्। अधिकांश  खानासँगै प्लाष्टिकको छुरी, काँटा र चम्चासमेत दिने गरिन्छ।






यदि तपाईँलाई दिइएको खानेकुरा खान सक्नुहुन्न भने तपाईँले फलफूल दिनका लागि भन्न सक्नुहुन्छ। तपाईँले खाएर बाँकी रहेका खानेकुरा विमानमा नै छाड्नुपर्छ किनभने तपाईँलाई क्वारेन्टाइनमार्फत अष्ट्रेलियामा लैजाने अनुमति हुँदैन।

तपाईँलाई विमानमा धुम्रपान गर्ने अनुमति हुँदैन।

विमानभित्र हुने हावाको प्रेसरले गर्दा तपाईँको कानमा अवरोध हुनसक्छ। चपाउने, निल्ने र हाइ काढ्ने गर्दा तपाईँको कानमा परेको दबाव कम हुनसक्छ। तपाईँको शिशुलाई विमान उड्नुभन्दा पहिला र अवतरण गर्नुअघि खुवाउने गर्नाले उनीहरुलाई निल्नुपर्छ र यसले उनीहरूको कानमा परेको प्रेसर कम हुनेगर्छ।

विमानमा हुने हलचलले गर्दा केही मानिसहरूलाई विरामी भएको अनुभूति हुनसक्छ। यदि तपाईँलाई वान्ता हुन लागेको अनुभव भएमा सिटको पकेटमा राखिएका पेपरका झोलाहरूको प्रयोग गर्नुहोस् वा तपाईँले विमानको ट्वाइलेटको प्रयोग गर्नसक्नु हुन्छ। थप जानकारीको लागि

- www.homeaffairs.gov.au/Trav/Ente
- www.agriculture.gov.au/travelling मा जानुहोस्।

## ट्रान्जिट

अष्ट्रेलियामा पुग्नुअघि तपाईँचढेको विमान छोटो समयका लागि एक वा त्यसभन्दा बढी ठाउँमा सरसफाइ र इन्धन हाल्नका लागि रोकिन सक्छ। यसलाई **ट्रान्जिट** स्टप भनिन्छ। यस्तो रोकावटको बेला तपाईँलाई विमानबाट बाहिर निस्कन भनिनेछ। त्यसबेला तपाईँको हाते झोला आफ्नो साथमा लिएर जानुहोस्। तपाईँले विमान बदल्नुपर्ने पनि हुनसक्छ, र तपाईँविमानस्थलको अर्को भागसम्म हिँडेर जानुपर्ने हुनसक्छ। अर्को फ्लाइटलाई **कनेक्टिङ् फ्लाइट** भनिन्छ।

अन्तराष्ट्रिय आप्रवासन संगठन (International Organization for Migration - IOM) का कर्मचारीले तपाईँलाइ ट्रान्जि ट स्टपमा भटेर मद्दत गर्नेछन्। यदि उनीहरूले तपाईँलाई सो स्थानमा फेला पारेनन् भने र यदि तपाईँले अन्योलमा परेको अनुभव गर्नुभयो भने विमानसेवाका कर्मचारीसमक्ष गएर अर्को फ्लाइटका लागि कहाँ गएर प्रतीक्षा गर्ने भन्ने कुरा सोध्नुहोस्। यसलाई प्रस्थानद्वार वा डिपार्चर गेट भनिन्छ। विमानस्थलका विभिन्न ठाउँमा सूचना केन्द्र र विमानसेवाको काउण्टर हुन्छन् जहाँ बसेका मानिसहरूले तपाईँको बाटो पत्ता लगाउन मद्दत गर्न सक्छन्।

**सावधान: IOM को साथमा बाहेक अन्य बेलामा ट्रान्जिटमा रहँदा विमानस्थल नछाड्नुहोस्।**

## अष्ट्रेलियामा आइपुग्दा


### भन्सारबाट बाहिर निष्कँदा

विमानबाट निस्केपछि तपाईँअध्यागमन गेटबाट अगाडि जानुपर्छ। अष्ट्रेलियन सिमा बल (Australian Border Force - ABF) का कर्मचारीले तपाईँको यात्रा काजगातको निरिक्षण गरेर देशमा प्रवेश गर्न दिनेछन्।

तपाईँले डेष्कमा रहेको व्यक्तिलाई दिनुपर्ने कुरा:

- तपाईँको DFTTA वा तपाईँको ImmiCard।
- तपाईँको आगन्तुक प्यासेन्जर कार्ड।
- यदि तपाईँसित राहदानी वा 'titre de voyage', भएमा तपाईँले त्यो कागजात यहाँ देखाउनु पर्छ।

ABF अफिसरले ती कागजातको जाँच गरेर तपाईँलाई फिर्ता दिनेछन्।


**Incoming passenger card • Australia**

PLEASE COMPLETE IN ENGLISH WITH A BLUE OR BLACK PEN

- Family/surname
- Given names
- Passport number
- Flight number or name of ship
- Intended address in Australia
- State
- Do you intend to live in Australia for the next 12 months? Yes No
- If you are **NOT an Australian citizen**:
  - Do you have tuberculosis? Yes No
  - Do you have any criminal conviction/s? Yes No

PLEASE X AND ANSWER EVERY QUESTION – IF UNSURE, Yes X

Are you bringing into Australia:

1. Goods that may be prohibited or subject to restrictions, such as medicines, steroids, illegal pornography, firearms, weapons or illicit drugs? Yes No
2. More than 2250mL of alcoholic beverages or 50 cigarettes or 50g of tobacco products? Yes No
3. Goods obtained overseas or purchased duty and/or tax free in Australia with a combined total price of more than AUD$900, including gifts? Yes No
4. Goods/samples for business/commercial use? Yes No
5. AUD$10,000 or more in Australian or foreign currency equivalent? Yes No
   **Note**: If a customs or police officer asks, you must report travellers cheques, cheques, money orders or other bearer negotiable instruments of any amount.
6. Meat, poultry, fish, seafood, eggs, dairy, fruit, vegetables? Yes No
7. Grains, seeds, bulbs, straw, nuts, plants, parts of plants, traditional medicines or herbs, wooden articles? Yes No
8. Animals, parts of animals, animal products including equipment, pet food, eggs, biologicals, specimens, birds, fish, insects, shells, bee products? Yes No
9. Soil, items with soil attached or used in freshwater areas e.g. sports/recreational equipment, shoes? Yes No
10. Have you been in contact with farms, farm animals, wilderness areas or freshwater streams/lakes etc in the past 30 days? Yes No
11. Were you in Africa, South/Central America or the Caribbean in the last 6 days? Yes No

**DECLARATION**
*The information I have given is true, correct and complete. I understand failure to answer any questions may have serious consequences.*

YOUR SIGNATURE

Day Month Year

TURN OVER THE CARD

English

SAMPLE

**तपाईँको झोलाहरू बुझ्ने**

तपाईँलाई अष्ट्रेलियामा प्रवेश दिइसकेपछि तपाईँले आफ्नो झोलाहरू ब्यागेज कारोसेलमा गएर बुझ्नुपर्छ।

तपाईँको झोला आउँदै गरेको कारोसेलको माथिपट्टी तपाईँ आउनु भएको विमानको फ्लाइट नम्बर देखाइएको हुन्छ। तल देखाएको जस्तै चिन्ह देखिन सक्छ।




यदि तपाईँले आफ्नो झोला फेला पार्न सक्नु भएन भने विमानस्थलका कर्मचारीसित मद्दतका लागि अनुरोध गर्नुहोस्: 'क्यान यू प्लिज हेल्प मि फाइण्ड माइ ब्यागेज ?' ('Can you please help me find my baggage?') तपाईँले आफ्नो लगेजको रिसिप्ट राख्न जरूरी हुन्छ किनभने त्यसले कर्मचारीहरूलाई उक्त झोला पहिल्याउन मद्दत गर्छ।

**क्वारेण्टाइन मार्फत अघि बढ्ने**

तपाईँले आफ्नो ब्यागेज सङ्कलन गरिसक्नु भएपछि ती व्यागहरूलाई ABF र कृषि तथा पानि स्रोत विभाग (Department of Agriculture and Water Resources) को जाँच केन्द्रहरू भएर लैजानु पर्छ।

चिन्हहरू वा अन्य मानिसहरूको पछि पछि गएर जाँच केन्द्रहरूमा पुग्नुहोस्। एकजना अफिसरले तपाईँसितबाट आगमन यात्री कार्ड लिएर आफूसित राख्नेछन्।

अफिसरले तपाईँको झोलाको खानतलासी गरेर त्यसमा बन्दुक, छुरी, विरूवाहरू, खानेकुराहरू, अबैध औषधीहरू वा अवैध सर सामानहरू भए नभएको जाँच गर्नेछन्। तालिम प्राप्त 'स्निफर डग' कुकुरहरूको प्रयोग गरेर आइपुगेका मानिसहरू र तिनका झोलाको जाँच गर्ने गरिन्छ। हाम्रो बहुमुल्य कृषि तथा पर्यटन उद्योगहरूमाथि गम्भिर क्षति पुर्याउन सक्ने कीराहरू र रोगहरूलाई देशभित्र आउन नदिन अष्ट्रेलियाले सक्दो सबै कदम चाल्नु जरूरी छ।

यदि अधिकारीहरूले तपाईँलाइ कुनै प्रश्न सोधेमा तिनको उत्तर खुल्ला तथा इमान्दारितापूर्वक दिनुहोस्। यदि तपाईँलाई भाषाको मद्दत चाहिएमा एकजना दोभाषे उपलब्ध गराउन भन्नुहोस्। भन्नुहोस् कि : क्यान समवान हेल्प मि - आइ डण्ट स्पिक मच इङ्लिस। ('Can someone help me – I don't speak much English.')

*संशोधित संस्करण (एप्रिल 2018)*

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM